जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १५६ • २०८३ साल कार्तिक १३ गते शुक्रबार (30 October, Friday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।–

क्रिप्टो कारोबारीको आरोपमा सबैलाका एकजना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । दुई अर्ब रुपैयाँभन्दा बढीको अवैध क्रिप्टोकरेन्सी कारोबार गरेको आरोपमा प्रहरीले धनुषाको सबैलाका एकजना युवालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषाको सबैला नगरपालिका-१२ का २८ वर्षीय सुनिलकुमार यादव रहेका छन् ।

काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालय, टेकुले जनाए अनुसार आरोपित यादवले 'बाइनान्स' एपमार्फत ठूलो परिमाणमा अवैध क्रिप्टोकरेन्सी कारोबार गर्नुका साथै अनलाइन सट्टेबाजी (बेटिङ) गराउने गरेको विशेष सूचना प्राप्त भएको थियो ।

प्राप्त सूचनाको आधारमा परिचालित प्रहरी टोलीले यादवमाथि सूक्ष्म निगरानी तथा प्राविधिक विश्लेषण गरेको थियो । सो क्रममा उनले आफ्नो बाइनान्स आईडीमार्फत २ करोड ६९ लाख ९१ हजार ३८८ अमेरिकी डलर बराबरको कारोबार गरेको खुलेको प्रहरीले जनाएको छ ।

प्रति अमेरिकी डलर १५१ रुपैयाँ ५३ पैसाको विनिमय दरअनुसार उक्त कारोबारको रकम नेपाली रुपैयाँ दुई अर्ब १६ करोड एक लाख २० हजार ८२१ हुन आउँछ ।

जिल्ला प्रहरी कार्यालय, धनुषाको समन्वयमा आरोपित यादवलाई पक्राउ गरी थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि काठमाण्डु पुऱ्याइएको छ ।

प्रहरीले जनाए अनुसार यादवविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद-५ अन्तर्गत दफा १२५ मा रहेको 'जुवा खेल्न वा सट्टेबाजी गर्न नहुने' तथा दफा २६२(क)(१) अन्तर्गत 'अभौतिक मुद्राको प्रयोग गर्न नहुने' कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

यस सम्बन्धमा काठमाण्डु जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए ।

चुनावी हारपछि मधेश केन्द्रित दल मोर्चाबन्दीमा

साख जोगाउन संगठन सुदृढीकरण र आन्तरिक कलह व्यवस्थापनको चुनौती

टुडे समाचारदाता

जनकपुरधाम । प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फ कुनै पनि सिट जित्न नसकेपछि मधेश केन्द्रित दलहरू आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनको तयारीमा जुटेका छन् । संगठन सुदृढीकरण, दलहरूबीच एकता तथा मोर्चाबन्दी र आन्दोलनमार्फत जनाधार फर्काउने प्रयास भइरहे पनि नेतृत्वबीचको तिक्तता, आन्तरिक विवाद र विद्रोहले उनीहरूको चुनावी तयारीलाई चुनौती दिएको छ ।

जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी नेपाललगायतका दलहरू अहिले संगठन विस्तार र चुनावी रणनीति निर्माणमा केन्द्रित छन् । जसपा नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबीच एकता भइ समायोजनको प्रक्रिया अघि बढेको छ भने जनमत पार्टीले महाधिवेशन सम्पन्न गरिसकेको छ ।

आगामी निर्वाचनलाई लक्षित गर्दै मधेश केन्द्रितसहित नौ राजनीतिक दलले अग्रगामी मोर्चा गठन गरेका छन् । मोर्चामा आबद्ध दलहरू साझा चुनाव चिह्न वा सिट बाँडफाँट गरेर निर्वाचनमा सहभागी हुने विकल्पमा

छलफलमा व्यस्त छन् । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले दलहरूबीच एकता नभइ मोर्चालाई बलियो बनाएर अघि बढ्ने बताएका छन् ।

मोर्चाले आगामी प्रदेश सभा निर्वाचनसम्म सरकारमा सहभागी नहुने घोषणा गर्दै आन्दोलनको तयारीसमेत गरेको छ । छठपछि आन्दोलन घोषणा गर्ने र मंसिर १० गते टुँडिखेलबाट कार्यक्रम अघि बढाउने तयारी गरिएको छ । तर, पार्टीगत निर्णय र व्यवहारबीच देखिएको अन्तरविरोधले मोर्चाको विश्वसनीयतामाथि प्रश्न उठाएको छ । लुम्बिनी प्रदेशमा जसपा नेपालको संसदीय दलले पार्टीको निर्णयविपरीत सरकारमा सहभागी भएर सत्ता साझेदारी गरिरहेको छ ।

मधेश केन्द्रित दलहरूको मुख्य चुनौती चुनावी तालमेल मात्र नभइ पार्टीभित्रको एकता कायम गर्नु पनि हो । विगतमा पटक-पटक भएका पार्टी विभाजन, नेतृत्वको टकराव र फरक राजनीतिक स्वार्थका कारण बनेका नयाँ दलहरूले मधेशको मतलाई एकीकृत गर्न सकेका छैनन् । एकता र समायोजनको प्रक्रिया अघि बढे पनि नेतृत्व, जिम्मेवारी र संगठनात्मक संरचनाको व्यवस्थापन त्यति सहज छैन ।

जसपा नेपाल र लोसपा नेपालबीचको एकतापछि संगठन समायोजन तथा आन्दोलनको तयारी भइरहेको छ । तर, एकतापछि स्थानीय तहसम्मको नेतृत्व व्यवस्थापन, कार्यकर्ताको भूमिका र पुराना गुटबीचको समन्वय महत्वपूर्ण हुनेछ । त्यस्तै, मोर्चामा आबद्ध दलहरूबीच चुनावी क्षेत्र, उम्मेदवार छनोट र सिट बाँडफाँटमा सहमति कायम गर्नु अर्को चुनौती हो। सहमतिमा समस्या आए मोर्चाको एकतामाथि नै प्रश्न उठ्न सक्छ ।

जसपा नेपालका उपाध्यक्ष जितेन्द्र सोनलले चुनावी सफलताका लागि संगठन बलियो बनाउनुपर्ने बताए । उनले पार्टी अहिले संगठन विस्तारमा केन्द्रित रहेको बताए । राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव सन्तोष मेहताले स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा हुनुपर्ने पक्षमा आफूहरू रहेको बताए । यी फरक प्राथमिकताले पनि दलहरूबीच साझा चुनावी रणनीति बनाउन थप छलफल आवश्यक देखाउँछन् ।

मधेश केन्द्रित दलहरूको संसदीय यात्रामा उतारचढाव लामो समयदेखि देखिँदै आएको छ । २०६४ को संविधान सभा निर्वाचनमा मधेश केन्द्रित दलहरूले उल्लेख्य सफलता हासिल गरेका थिए । तर, त्यसपछिका निर्वाचनमा उनीहरूको प्रतिनिधित्व क्रमशः घट्दै गयो । २०७४ मा प्रत्यक्षतर्फ २१ सिट जितेका मधेश केन्द्रित दलहरू २०७९ मा ११ सिटमा सीमित भए ।

२०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा जसपा नेपालले समानुपातिकतर्फ एक लाख ७४ हजार ३१७ मत प्राप्त गरे पनि प्रत्यक्षतर्फ कुनै सिट जित्न सकेन । जनमत पार्टीले ७८ हजार ९७३ मत प्राप्त गऱ्यो । अन्य मधेश केन्द्रित दलहरूले पनि मत पाए, तर प्रत्यक्षतर्फ प्रतिनिधित्व हासिल गर्न सकेनन् ।

एनपिएलः जनकपुर बोल्ट्सद्वारा काठमाण्डु गोर्खाज पराजित

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुर बोल्ट्सले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) टी-२० क्रिकेट प्रतियोगितामा पहिलो जित दर्ता गरेको छ । जनकपुर बोल्ट्सले बिहीबार भएको खेलमा काठमाण्डु गोर्खाजलाई आठ विकेटले पराजित गरेको छ ।

जनकपुरले पहिलो खेलमा कर्णाली याक्सविरुद्ध १९ रनको हार व्यहोरेको थियो । काठमाण्डुले दिएको एक सय १६ रनको लक्ष्य जनकपुरले १७ दशमलव २ ओभरमा २ विकेटको क्षतिमा भेटाएको थियो ।

जनकपुरका लागि मोइन अलीले ५१ बल खेल्दै ३ चौका र ३ छक्काको मद्दतमा अविजित ५८ रनको पारी खेले । यस्तै, सैफ हसनले अविजित ४० रन बनाए । बलिङतर्फ काठमाण्डुका लागि रिपोन मण्डलले एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको काठमाण्डुले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर एक सय १५ रन बनायो । काठमाण्डुका लागि भीम सार्कीले २९ बल खेल्ने क्रममा ४ चौकासहित सर्वाधिक ३३ रन जोडेका थिए ।

त्यस्तै, राशिद खानले १७, स्मित पटेलले १३ र सुमित महर्जनले १० रन बनाए । बाँकी ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बलिङतर्फ जनकपुरका लागि राहुल यादवले चार ओभरमा ३१ रन खर्चिएर ४ विकेट लिए । यस्तै, सैफ हसनले दुई तथा कप्तान हरमित सिंह, ललितनारायण राजवंशी र मोइन अलीले एक एक विकेट लिए ।

प्रतियोगिता अन्तर्गत बिहीबार नै अर्को खेल विराटनगर किंग्स र कर्णाली याक्सबीच खेल भएको छ । जारी प्रतियोगितामा विराटनगर पहिलो जितको खोजीमा छ । उसले पहिलो खेलमा चितवन राइनोजविरुद्ध आठ रनको हार व्यहोरेको थियो । यस्तै कर्णाली लगातार दोस्रो जित निकाल्ने योजनामा छ । उसले पहिलो खेलमा जनकपुर बोल्ट्सलाई १९ रनले हराएको थियो ।

राहुलले ध्वस्त पारे काठमाण्डुको ब्याटिङ

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली क्रिकेटमा नयाँ प्रतिभाको खोजी भइरहेका बेला जनकपुर बोल्ट्सका युवा मध्यम गतिका बलर राहुल यादवले नेपाल प्रिमियर लिग (एनपिएल) मा प्रभावशाली प्रदर्शन गरेका छन्। कक्षा ९ मा अध्ययनरत १६ वर्षीय राहुलले बिहीबार काठमाडौं गोर्खाजविरुद्ध चार विकेट लिँदै आफ्नो बलिङ क्षमता प्रमाणित गरेका छन् ।

काठमाण्डुको कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा राहुलले चार ओभरमा ३१ रन खर्चेर काठमाण्डुका चार ब्याटरलाई पेभिलियन फर्काए । उनले साम हेजलेट, स्मित पटेल, कप्तान करण केसी र मोहम्मद आदिल आलमको विकेट लिए। राहुलको उत्कृष्ट बलिङका कारण काठमाडौंको ब्याटिङ धराशायी बन्यो । जनकपुरले काठमाडौंले दिएको ११६ रनको लक्ष्य आठ विकेट बाँकी छँदै सहजै पूरा गऱ्यो ।

यसअघि एनपिएलमा आफ्नो डेब्यू खेल खेलेका राहुलले कर्णाली याक्सविरुद्ध १५ रन खर्चेर दुई विकेट लिएका थिए । पहिलो खेलमा केही नर्भस भए पनि विकेट लिन सफल भएपछि आत्मविश्वास बढेको उनले बताएका छन् ।

'कर्णालीविरुद्धको पहिलो खेल एनपिएलमा मेरो पहिलो थियो। केही नर्भस थिएँ। पहिलो खेलमा विकेट लिन सफल भएपछि आज त्यो डर भाग्यो । त्यसैले आज विकेट लिन सफल भएँ,' काठमाडौंविरुद्धको खेलपछि राहुलले भने ।

मधेश प्रदेशको रौतहटस्थित चन्द्रपुरका राहुलले खुला मैदानबाट क्रिकेट खेल्न सुरु गरेका छन् । चन्द्रपुर क्रिकेट एकेडेमीमा आफ्नो बलिङ कौशल निखारेका उनले सानै उमेरमा बलिङको गति र क्षमताका कारण ध्यान आकर्षित गर्न थालेका थिए ।

जनकपुर बोल्ट्सले आयोजना गरेको ट्यालेन्ट हन्टबाट छनोट भएका राहुल टोलीका आइकोनिक खेलाडीका रूपमा एनपिएलमा आबद्ध भएका हुन् । प्रतिभा पहिचान गर्ने प्रतियोगिताबाट छनोट हुँदै देशकै ठूलो फ्रेन्चाइज क्रिकेट प्रतियोगितामा स्थान बनाउन सफल हुनु उनको क्रिकेट यात्राको महत्त्वपूर्ण उपलब्धि छ ।

एनपिएलअघि चन्द्रपुर क्रिकेट लिगमा पनि राहुलले उत्कृष्ट प्रदर्शन गरेका थिए । उक्त प्रतियोगितामा म्यान अफ द म्याच बनेकाउनलेएनपिएलमा समेत आफ्नो क्षमता देखाउने संकेत दिएका थिए । कर्णालीविरुद्धको डेब्यू खेलमा दुई विकेट लिएपछि उनको बलिङबारे चर्चा सुरु भएको थियो ।

काठमाण्डुविरुद्धको प्रदर्शनले भने राहुलको सम्भावनालाई थप उजागर गरेको छ । विपक्षी टोलीका महत्वपूर्ण ब्याटरलाई आउट गर्दै उनले जनकपुरको जितमा महत्वपूर्ण योगदान दिए ।

राहुलले जनकपुर बोल्ट्ससँगको कुराकानीमा आफ्ना बुबाले क्रिकेट नबुझ्ने पनि आफूलाई निरन्तर साथ र समर्थन गर्ने बताएका थिए । परिवारको साथ, स्थानीय क्रिकेट एकेडेमीमा गरेको अभ्यास र ट्यालेन्ट हन्टमार्फत पाएको अवसरले उनलाई एनपिएलसम्म पुऱ्याएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

गाँजा खेतीसम्म किन जाँदैन प्रहरी

नेपालको मधेश प्रदेश लगायत तराईका केही जिल्लाहरुमा भारी परिमाणमा अबैध गाँजा बरामद हुन थालेको छ। प्रहरीले सक्रियता बढाएसँगै भारततर्फ तस्करी गरिने गाँजा बरामद हुन थालेको छ। एउटै स्थानबाट एकै पटकमा १० क्वीन्टल भन्दा पनि बढी गाँजा प्रहरीले बरामद गर्न थालेको छ। विगतमा किलोमा बरामद हुने गाँजा अहिले क्वीन्टलमा बरामद हुन थालेको छ। यसले अवैध गाँजाको तस्करी व्यापक रुपमा बढेको देखिन्छ। नेपालमा गाँजालाई लागुऔषधको रुपमा कानुनले मानेको छ । त्यसकारण गाँजाको ओसारपसार र खेतीलाई अवैध मानिएको छ । नेपालबाट भारततर्फ गाँजा तस्करी हुने गरेको छ। यो नौलो भने होइन। वर्षौंदेखि नेपालबाट भारत तर्फ गाँजा तस्करी हुने गरेको विभिन्न तथ्य प्रमाणहरु छन्। विगतमा हालको मधेश प्रदेशका जिल्ला लगायतका जिल्लाहरुमा गाँजाको अवैध खेती हुने गर्थ्यो । तर सरकारले त्यसमा रोक लगाएदेखि तराईमा गाँजाको खेती पूर्णरुपमा नै बन्द भएको छ । अपवादको रुपमा कतै गाँजा खेती भए पनि तराई मधेशमा गाँजाको उत्पादन पूर्ण रुपमा नै नियन्त्रण भइसकेको छ । विगतमा सरकारले गाँजा फडानी अभियान नै चलाएको थियो । गाँजा फडानी गरिन थालिएपछि किसानहरु ठूलो मर्कामा परेका थिए। गाँजा खेती गर्नेहरुको बाली नै प्रहरीले सखाख गरिदिएपछि भारी क्षति हुने गरेकाले किसानहरु त्यो खेती छाडेर उखु लगायतका खेती गर्न थाले। किसानहरुलाई गाँजा खेतीको विकल्प रोज्न सरकारले बाध्य बनाएर तराई मधेशमा हुने गाँजाखेतीलाई पूर्णरुपमा बन्द गराउन सफल भए । तर नेपालको पहाडी जिल्लाहरुमा भारी परिमाणमा गाँजा खेती भइरहेको देखिन्छ । तराईका जिल्लाहरुमा प्रहरीले बरामद गर्ने तयारी अवस्थाको गाँजा पहाडी जिल्लाको उत्पादन नै हो । उत्पादन भइसकेर भारततर्फ तस्करी हुने क्रममा प्रहरीले गाँजा बरामद गर्न थालेको छ । अवैध रुपमा हुने गाँजा खेतीलाई नै नियन्त्रण गर्न सरकारले पहाडी जिल्लाहरुमा सशक्त अभियान सञ्चालन गर्न आवश्यक छ। तराईको जस्तै पहाडी जिल्लामा पनि अबैध गाँजाको खेती नै पहाडी गरिने हो भने गाँजाको तस्करी न्यून हुन सक्छ। गाँजाको ओसारपसारमा इन्धन ढुवानी टैंकर, एम्बुलेन्स, हलुका सवारी, मोटरसाइकल लगायतका विभिन्न सवारी साधनहरु प्रयोग भइरहेका छन्। सुरक्षाकर्मीहरुले सुराकीको भरमा चेकजाँच गरी गाँजा बरामद गरिरहेको छ । त्यसकारण सरकारले गाँजा खेती हुने जिल्लाहरुमा नै फडानी अभियानलाई प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक छ। उत्पादन नरोकिएसम्म अवैध गाँजाको तस्करी नियन्त्रण सम्भव छैन। गाँजा उत्पादन हुने जिल्लाहरुको पहिचान पनि सरकारसित छ । त्यसकारण खेती फडानी तर्फ सरकारले सुरक्षाकर्मीहरुलाई परिचालन गर्न आवश्यक छ।

आधुनिकीकरणको छायाँमा रैथाने ज्ञान

होमकाजी आचार्य

तामाङ गाउँबस्तीमा जन्मदेखि घेवा (मृत्यु संस्कार) सम्मका संस्कारमा आवश्यक पर्ने टोटलाको फूल अर्थात् 'कोकोमेन्दो' खोज्ने ताम्बाहरू भेटिन छाडेका छन् । किरात बस्तीमा मुन्धुमी अनुष्ठानका लागि चाहिने सुगन्धित 'काहुलो' चिन्ने नछुङहरूको सङ्ख्या घट्दै गएको छ। उच्च हिमालीखर्कमा भैंडा गोठसँगै 'बिख' र 'बिखुमा'को भेद छुट्याउन जान्ने गोठालाहरूको अनुभवजन्य ज्ञान पुस्तान्तरण हुन सकेको छैन । आँगनका तुलसीका मठ र कान्लाका चाबो कङ्क्रिटले पुरिँदै गएका छन्। नेपाली समाजले आधुनिकीकरणका नाममा गुमाउँदै गएको कुरा पुराना चालचलनमा मात्र सीमित छैन। संस्कृतिसँगै विकसित भएका औषधीय वनस्पतिसम्बन्धी ज्ञान, अनुभवमा आधारित विज्ञान र आत्मनिर्भर जीवनशैलीका आधारसमेत कमजोर हुँदै गएका छन् ।

हाम्रो समाजमा संस्कृति र प्रकृतिको सम्बन्ध अन्योन्याश्रित छ। कुनै समुदायको मौलिक संस्कार बदलिँदा वा छोडिँदा त्यससँग जोडिएका वनस्पतिको प्रयोग, रोपण, संरक्षण र पुस्तान्तरणको अभ्यास पनि कमजोर हुन्छ । त्यसैले सांस्कृतिक परिवर्तनलाई जैविक विविधतामाथि पर्ने प्रभावबाट अलग राखेर हेर्न मिल्दैन। तामाङ समुदायमा 'कोकोमेन्दो' केवल फूल मात्र नभई पुर्खा, संस्कार र प्रकृतिबीचको सम्बन्धको प्रतीक मानिन्छ । टोटलाका विभिन्न भाग परम्परागत रूपमा औषधीय प्रयोजनमा प्रयोग हुँदै आएका छन्। परम्परागत प्रयोगको इतिहास हुनु र त्यसको औषधीय प्रभाव वैज्ञानिक परीक्षणबाट प्रमाणित हुनु फरक कुरा हुन् ।

बजारमा उपलब्ध कृत्रिम फूलको प्रयोग बढ्दै जाँदा संस्कारका लागि टोटला खोज्ने, रोप्ने र संरक्षण गर्ने अभ्यास कमजोर हुँदै गएको छ। सांस्कृतिक माग घट्दा त्यसको संरक्षणमा समुदायको चासो पनि घट्दै गएको छ । पूर्वी पहाडका किरात (राई र लिम्बू) समुदायमा नछुङ र फेदाङ्माले विभिन्न अनुष्ठानमा वनस्पति प्रयोग गर्ने परम्परा छ। 'काहुलो' पनि कतिपय स्थानीय अभ्यासमा महत्वपूर्ण मानिन्छ । यससँग सम्बन्धित परम्परागत ज्ञानलाई समुदायको अनुभव र स्मृतिका आधारमा अभिलेखित गर्न आवश्यक छ । यसको औषधीय गुणबारे वैज्ञानिक निष्कर्ष निकाल्न भने वनस्पतिको सही पहिचान, रासायनिक विश्लेषण, प्रयोगशालामा परीक्षण र आवश्यकताअनुसार थप अनुसन्धान गर्नुपर्छ । मुन्दुमी चेतना र अनुष्ठानसँग जोडिएको ज्ञान पुस्तान्तरण कमजोर हुँदा यस्तो वनस्पति चिन्ने र यसको उपयोगबारे जान्ने व्यक्तिको सङ्ख्या पनि घट्दै गएको छ।

खस-आर्य समुदायमा बाटोछेउ चौतारी बनाउने, वर-पिपल रोप्ने र तिनलाई सामाजिक तथा धार्मिक जीवनसँग जोड्ने चलन थियो । ती विशाल रुखले वातावरणीय सन्तुलन, शीतल छायाँ, चराचुरुङ्गीको वासस्थान र सामुदायिक भेटघाटका लागि महत्वपूर्ण भूमिका खेल्थे । वर, पिपल र तुलसीका विभिन्न परम्परागत उपयोगसम्बन्धी ज्ञान पनि पुस्तान्तरण हुँदै आएको छ। त्यसैगरी, कतिपय स्थानीय समुदायमा ' चाबो' भनेर चिनिने वनस्पति घरेलु उपचारमा प्रयोग गरिन्छ। यसको सही वनस्पतिगत पहिचान र औषधीय प्रभावबारे थप अनुसन्धान आवश्यक छ।

सडक विस्तार, अव्यवस्थित निर्माण र सिमेन्टका आँगनको विस्तारले चौतारी, तुलसीका मठ र घर वरपरका उपयोगी वनस्पतिका लागि उपलब्ध ठाउँ घटाउँदै लगेका छन्। तराईका थारू समुदायमा गुरुवा र भर्राजस्ता परम्परागत उपचारकले विभिन्न वनस्पति प्रयोग गर्ने ज्ञान पुस्तौंदेखि जोगाउँदै आएका छन् । 'सतवरिया' र 'हरैया' जस्ता स्थानीय नामले चिनिने वनस्पतिको पहिचान क्षेत्रअनुसार फरक हुनसक्ने भएकाले तिनको वैज्ञानिक पहिचान स्पष्ट पार्नु महत्वपूर्ण छ।

कृषि क्षेत्रमा रासायनिक विषादीको अत्यधिक प्रयोग, प्राकृतिक वासस्थानको विनाश र अव्यवस्थित सङ्कलनले कतिपय उपयोगी वनस्पति लोपोन्मुख अवस्थामा पुऱ्याइएको छ । त्यसैगरी, विभिन्न समुदायमा जाँड-रक्सी बनाउन प्रयोग हुने 'मर्चा' रैथाने जैविक ज्ञानको एउटा उदाहरण हो । यसको निर्माणमा सूक्ष्म जीव, स्थानीय कच्चापदार्थ र समुदायमा पुस्तौंदेखि विकसित भएको अनुभवजन्य सीपको भूमिका हुन्छ। व्यावसायिक रूपमा उत्पादित खमिरको प्रयोग बढ्दै जाँदा परम्परागत मर्चा बनाउने विधि र त्यससँग जोडिएका स्थानीय ज्ञान ओझेलमा पर्नसक्छ । यससँग सम्बन्धित वनस्पति तथा सूक्ष्म जीवको पहिचान र प्रयोगबारे व्यवस्थित अभिलेखीकरण आवश्यक छ।

पुर्खाले वनजङ्गलमा उपलब्ध वनस्पति, जडीबुटी र प्राकृतिक पदार्थको प्रयोगबाट रोगव्याधिको उपचार गर्नेक्रममा अनुभवमा आधारित ज्ञान विकास गरेका थिए । लामो समयसम्म गरिएका प्रयोग, तिनका परिणामको अवलोकन र पुस्तान्तरणबाट कतिपय उपचार पद्धति समुदायमा स्थापित भए। आज पनि यस्तो ज्ञान ग्रामीण जीवन, सांस्कृतिक पहिचान र औषधीय अनुसन्धानका लागि महत्वपूर्ण स्रोत हुन सक्छ।

परम्परागत रूपमा कुनै वनस्पति प्रयोग हुँदै आएको छ भन्दैमा त्यसले सबै अवस्थामा सम्बन्धित रोग निको पार्छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन । त्यसैगरी कुनै वनस्पतिको औषधीय सम्भावना देखिनु र त्यसबाट तयार गरिएको औषधि मानिसमा सुरक्षित तथा प्रभावकारी प्रमाणित हुनु पनि फरक कुरा हुन् । त्यसैले पुर्खाको अनुभवलाई अस्वीकार गर्ने होइन, त्यसलाई वैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण आधारका रूपमा लिनुपर्छ।

नेपालमा औषधीय वनस्पतिबारे अध्ययन र अनुसन्धान गर्ने सरकारी निकायमध्ये वनस्पति विभाग महत्वपूर्ण छ । विभागले औषधीय तथा सुगन्धित वनस्पतिसम्बन्धी अनुसन्धान, पहिचान, अभिलेखीकरण र वैज्ञानिक जानकारीको विकासमा काम गर्दै आएको छ । यसका अनुसन्धान सामग्रीमा वनस्पतिको पहिचान, रासायनिक तत्व र औषधीय सम्भावनासम्बन्धी विवरण खोज्न सकिन्छ। परम्परागत रूपमा प्रयोग हुँदै आएका केही वनस्पतिमाथि औषधीय गतिविधिको परीक्षण पनि गरिएको छ । उपलब्ध अध्ययनले केही परम्परागत प्रयोग र औषधीय अनुसन्धानबीच समानता देखाए पनि सबै वनस्पति र सबै उपचार विधिको प्रभावकारिता प्रमाणित भइसकेको अवस्था छैन।

सिंहदरबार वैद्यखानाजस्ता सरकारी आयुर्वेदिक औषधि उत्पादन गर्ने संस्थाले च्यवनप्राश, त्रिफला चूर्ण, तुलसी चियालगायतका उत्पादन बनाउँदै आएका छन् । यसले वनस्पति तथा अन्य प्राकृतिक द्रव्यमा आधारित परम्परागत औषधि निर्माणको संस्थागत अभ्यासलाई देखाउँछ । कुनै सरकारी संस्थाले जडीबुटीजन्य औषधि उत्पादन गर्छ भन्ने आधारमा यहाँ उल्लेख गरिएका टोटला, काहुलो, चाबो, बिख-बिखुमा वा हाडजोरा सबै त्यस्ता औषधिका कच्चापदार्थ हुन् भन्ने निष्कर्ष निकाल्नु उचित हुँदैन । त्यसका लागि प्रत्येक वनस्पतिको वैज्ञानिक पहिचान र सम्बन्धित औषधिको प्रमाणित उत्पादन विवरण आवश्यक हुन्छ।

यसर्थ परम्परागत ज्ञानको संरक्षण र वैज्ञानिक प्रमाणको खोजलाई एकअर्काको विरोधीका रूपमा होइन, परिपूरक प्रक्रियाका रूपमा बुझ्नुपर्छ। पुर्खाको अनुभवमा आधारित उपचार पद्धतिलाई अभिलेखीकरण गर्ने, त्यसमा प्रयोग हुने वनस्पतिको पहिचान गर्ने, उपयोगी सम्भावनाको अनुसन्धान गर्ने र जोखिमपूर्ण प्रयोगलाई रोक्ने काम सँगसँगै अघि बढाउनुपर्छ। यसो गर्दा समुदायमा रहेको ज्ञानलाई सम्मान गर्दै त्यसको सुरक्षित र विवेकपूर्ण उपयोगको बाटो खुल्छ।

कुनै जीवनशैली हराउँदा त्यससँग जोडिएको लामो अनुभव र ज्ञान कसरी विलीन हुनसक्छ भन्ने उदाहरण नेपालको गोठ तथा घरेलु शिल्प संस्कृतिमा देखिन्छ । उच्च पहाडी भेगका भैंडा गोठालाहरूले जङ्गल र खर्कमा पाइने विभिन्न वनस्पति, तिनको उपयोग तथा सम्भावित विषाक्तताबारे अनुभवका आधारमा ज्ञान विकास गरेका थिए। 'बिख' र 'बिखुमा' भनेर चिनिने वनस्पतिबीचको भेद छुट्याउने ज्ञान पनि कतिपय स्थानीय परम्परामा पाइन्छ। यी नामले कुन-कुन प्रजातिलाई जनाउँछन् भन्ने कुरा पहिचान नगरी तिनको विषाक्तता वा प्रतिविषका रूपमा प्रयोगबारे निश्चित निष्कर्ष निकाल्न मिल्दैन । नयाँ पुस्ताले भेडापालन छाड्दै जाँदा खर्कमा विकसित भएको वनस्पतिसम्बन्धी अनुभवजन्य ज्ञान हराउने जोखिम बढेको छ।

भेडापालन घट्नु, ऊनको उत्पादन कम हुनु र बजारिया कपडाको पहुँच बढ्नुले परम्परागत बुनाइमा समेत प्रभाव पारेको छ । गुरुङ, मगर, शेर्पा र खस समुदायमा विभिन्न रूपमा प्रचलित 'राडी-पाखी', 'लुङ्गी' र जाडोमा प्रयोग गरिने बाक्ला ऊनी कपडा बुन्ने सीपलाई बजारिया कृत्रिम रेसाका कपडाले चुनौती दिएका छन् । यसले परम्परागत तान, धागो तयार गर्ने प्रविधि र स्थानीय सामग्रीको उपयोगसँग जोडिएको ज्ञान कमजोर बनाएको छ।

तराई र मध्यपहाडका कतिपय क्षेत्रमा कपास खेती घट्दै जाँदा चर्खाबाट धागो कात्ने र हातेतानमा कपडा बुन्ने परम्परा पनि कमजोर भएको छ । ग्रामीण जीवनका आधार मानिने बाँस र निगालोबाट डोको, डालो, मान्द्रो, भकारी र पेरुङ्गो बनाउने सीपले प्लास्टिकका सामग्रीसँग प्रतिस्पर्धा गर्नुपरेको छ । चोयाबाट हलुका, उपयोगी र टिकाउ सामग्री बनाउने यो सीपले उचित श्रममूल्य नपाउँदा नयाँ पुस्तामा यसको आकर्षण घट्दै गएको छ। कुमालेले माटो मुछेर घैंटो, हाँडी र पाला बनाउने परम्परागत प्रविधिलाई धातु तथा प्लास्टिकका भाँडाको विस्तारले चुनौती दिएको छ।

माटाका भाँडाको उपयोगिता तिनको बनोट, प्रयोग र मर्मतसम्भारमा निर्भर हुन्छ । तिनलाई सबै अवस्थामा आधुनिक भाँडाभन्दा स्वस्थकर भन्न भने मिल्दैन । परम्परागत माटाका भाँडा बनाउने सीप र स्थानीय उत्पादनको सांस्कृतिक महत्व बजारमा पर्याप्त मूल्य पाउन सकेका छैनन् । त्यस्तै, गाउँघरमा हाड भाँचिदा बाँसका कप्टेरा लगाएर अङ्ग स्थिर बनाउने र विभिन्न वनस्पति प्रयोग गर्ने परम्परागत उपचार पद्धति कतिपय ठाउँमा पाइन्थ्यो । 'हाडजोरा'वा 'हडचुर' भनेर चिनिने वनस्पतिसम्बन्धी ज्ञान पनि स्थानीय उपचार परम्पराको हिस्सा हो। यस्ता अभ्यासको ऐतिहासिक महत्व अभिलेखित गर्नुपर्छ, तर गम्भीर चोटपटकमा आधुनिक चिकित्सकीय परीक्षण र उपचारको विकल्पका रूपमा प्रस्तुत गर्नुहुँदैन । स्वास्थ्य सेवाको विस्तारसँगै परम्परागत उपचारको अनुभवजन्य ज्ञानलाई अभिलेखीकरण र वैज्ञानिक अध्ययन गर्ने काम पनि अघि बढ्नुपर्छ।

आधुनिकीकरणको प्रभाव वनस्पतिमा मात्र सीमित छैन। स्थानीय पशुपन्छीका नश्ल र तिनलाई पाल्ने परम्परागत प्रणालीमा समेत परिवर्तन आएको छ। पूर्वी पहाडका कतिपय समुदायमा पालिने सानो कदका स्थानीय सुँगुर, जङ्गलछेउ विचरण गर्ने लुइँचे र रैथाने साकिनी कुखुरा स्थानीय हावापानी, आहार र पालन प्रणालीसँग अनुकूलित हुँदै आएका छन् । तिनको तुलनामा व्यावसायिक रूपमा पालिने विदेशी वा उन्नत जातका पशुपन्छीको विस्तारले स्थानीय नश्ल संरक्षणमा चुनौती सिर्जना गर्नसक्छ तर कुनै नश्ल लोप प्रायः भइसकेको वा त्यसको रोगप्रतिरोधी क्षमता समाप्त भएको निष्कर्ष निकाल्न जनसङ्ख्या, प्रजनन् र आनुवंशिक विविधतासम्बन्धी तथ्याङ्क आवश्यक हुन्छ।

सुदूरपश्चिमको अछामी नौमुठे गाई र पोखरेली लमे तथा पार्केभैंसीजस्ता स्थानीय पशुजन्य सम्पदाको संरक्षणमा पनि ध्यान दिनुपर्छ । यस्ता नश्लको महत्व दूध वा मासु उत्पादनमा मात्र सीमित हुँदैन । तिनमा स्थानीय हावापानीसँग अनुकूलन, पालनसम्बन्धी अनुभव, आनुवंशिक विविधता र स्थानीय खाद्य प्रणालीको निरन्तरतासँग जोडिएका पक्षसमेत हुन्छन् । रैथाने पशुपन्छीको संरक्षण गर्नु भनेको सबै आधुनिक नश्ल वा प्रविधिलाई अस्वीकार गर्नु होइन। स्थानीय नश्लको उपयोगिता पहिचान गर्दै वैज्ञानिक प्रजनन्, उचित पालन र जैविक विविधताको संरक्षणलाई सँगसँगै अघि बढाउनु हो। स्थानीय नश्ल गुम्दै जानु भनेको भविष्यमा उपयोगी हुन सक्ने आनुवंशिक स्रोत र खाद्य प्रणालीका विकल्प कमजोर हुनु पनि हो ।

हामीले आधुनिक हुनुको अर्थ आफ्ना सबै रैथाने आधार भत्काउनु ठानेका छौं कि भन्ने प्रश्न गम्भीर छ। एउटा संस्कृति कमजोर हुँदा त्यससँग जोडिएको वनस्पतिको संरक्षण, त्यसको उपयोगसम्बन्धी ज्ञान र समुदायको स्वावलम्बी अर्थतन्त्र पनि प्रभावित हुनसक्छ। यसका साथै वनविनाश, बजारको दबाब, जलवायु परिवर्तन र अव्यवस्थित विकासले समस्या थप जटिल बनाउँछन्।

ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष :	थोरै बोल्दा नै काम बन्ने दिन छ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।
वृष :	मन प्रशन्न बन्नेछ । बोलीका कारण राम्रो काम बन्नेछ।
मिथुन :	आम्दानीका स्रोतहरु भेटिने छन् ।
कर्कट :	परिवारसंग रमाइलो गर्ने अवसर मिल्ने छ।
सिंह :	स्वदेशमा रोजगारीको विकल्प फेला पर्नेछन् ।
कन्या :	शिक्षाको क्षेत्रमा नयाँ कामको सुरुवात हुनेछ ।
तुला :	बौद्धिक क्षेत्रका साथीसंगको भेटले नयाँ नयाँ योजना बन्ने छन् ।
वृश्चिक :	शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ ।
धनु :	धार्मिक कार्यमा सहभागी भएमा मन शान्त बन्नेछ।
मकर :	हरेक क्षेत्रमा काम गर्दा आज जोगिएर काम गर्नुपर्ने दिन छ।
कुम्भः	धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा मन शान्त बन्नेछ।
मीनः	शिक्षामा प्रगति हुने योग छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

आन्दोलनमा उत्रने अस्थायी शिक्षक तथा कर्मचारी युनियनको चेतावनी

टुडे समाचारदाता

काठमाण्डू । अस्थायी शिक्षक तथा कर्मचारीका पेसागत हकहित तथा सेवा सुविधासम्बन्धी माग सम्बोधन गर्न सरकारलाई दबाब दिँदै नेपाल अस्थायी शिक्षक तथा कर्मचारी युनियनले आन्दोलनको चेतावनी दिएको छ ।

युनियनले आफ्ना माग बेवास्ता गरिए कानुनी प्रक्रिया अघि बढाउनेदेखि शान्तिपूर्ण आन्दोलनसम्मका कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

बिहीबार राजधानीको संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमार्फत युनियनले आठ बुँदे माग सार्वजनिक गर्दै सामुदायिक विद्यालयमा कार्यरत अस्थायी प्रकृतिका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा र सम्मानजनक सेवासुविधाको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको हो ।

युनियनका अध्यक्ष विष्णु खत्रीले लामो समयदेखि विद्यालयमा सेवा गर्दै आएका शिक्षक तथा कर्मचारीको भविष्य सुरक्षित गर्नुपर्ने बताए। अदालतबाट समेत मागका सम्बन्धमा निर्देशनात्मक आदेश आएको दाबी गर्दै उनले सरकारले त्यसको कार्यान्वयनमा चासो नदिएको आरोप लगाए ।

युनियनले राहत, करार, अस्थायी तथा बालविकास शिक्षकसँगै विद्यालय कर्मचारीलाई पनि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा समेट्नुपर्ने माग गरेको छ। श्रम कानुनअनुसार बिदा, उपचार सुविधा, दुर्घटना बिमा, उपदानलगायतका सुविधा उपलब्ध गराउनुपर्ने उसको भनाइ छ ।

त्यस्तै, शिक्षक तथा कर्मचारीबीच सेवा सुविधामा रहेको विभेद अन्त्य गरी समान व्यवहार सुनिश्चित गर्नुपर्ने माग पनि अघि सारिएको छ। युनियनकी उपाध्यक्ष पवित्रा भट्टराईले एउटै शैक्षिक क्षेत्रमा काम गर्ने जनशक्तिबीच असमानता कायम रहन नहुने बताइन् ।

पत्रकार सम्मेलनमा महासचिव जीवन तिमल्सिनाले सामुदायिक विद्यालय समायोजनको प्रक्रियाले गरिब तथा दुर्गम क्षेत्रका बालबालिकाको शिक्षामा पहुँच प्रभावित हुन सक्ने भन्दै चिन्ता व्यक्त गरे। विद्यालय समायोजनका नाममा विद्यार्थी शिक्षाबाट वञ्चित हुने अवस्था आउन नदिन सरकार गम्भीर हुनुपर्ने उनको भनाइ थियो ।

युनियनका उपमहासचिव रामचन्द्र रुपाखेतीले दशकौँसम्म सेवा गरेका शिक्षक तथा कर्मचारीलाई अवकाशका बेला उचित सुविधा नदिई घर फर्काउने अवस्था आउन नहुने बताए। लामो सेवा अवधि पूरा गरेका कर्मचारीका लागि गोल्डेन ह्यान्डसेक अर्थात् सम्मानजनक एकमुष्ट अवकाश सुविधा व्यवस्था गर्नुपर्ने उनले माग गरे ।

युनियनले उमेर पुगेका, अशक्त भएका वा स्वेच्छाले सेवाबाट अलग हुन चाहने शिक्षक तथा कर्मचारीलाई सेवा अवधिका आधारमा उचित अवकाश सुविधा दिनुपर्ने प्रस्ताव गरेको छ। साथै, लामो समयदेखि कार्यरत जनशक्तिलाई उमेर हदका कारण अवसरबाट वञ्चित नगरी खुला प्रतिस्पर्धामा सहभागी हुने व्यवस्था मिलाउनुपर्ने माग पनि राखिएको छ ।

आठ बुँदे मागपत्रमा महँगी भत्ता, दुर्गम भत्ता तथा प्रोत्साहन भत्तामा समानता कायम गर्ने, आवश्यकताअनुसार सरुवा तथा कार्यस्थल परिवर्तनको अवसर दिने र सङ्घीय शिक्षा ऐन, नियमावली तथा सम्बन्धित कानुनमा आवश्यक संशोधन गर्ने विषय समेटिएका छन् । पेसागत हकहित संरक्षण, सामूहिक सौदाबाजी, सङ्गठन विस्तार तथा ट्रेड युनियन अधिकारको सुनिश्चिततालाई पनि युनियनले प्राथमिकतामा राखेको छ ।

यसअघि २०८१ चैत २० देखि २०८२ वैशाख १७ गतेसम्म भएको शिक्षक आन्दोलन र त्यसपछि भएका सम्झौताप्रति असन्तुष्टि व्यक्त गर्दै अध्यक्ष खत्रीले नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीमाथि आन्दोलनका क्रममा सङ्कलित रकमको हिसाबसम्बन्धी आरोपसमेत लगाए । खत्रीले डेढ करोड रुपैयाँभन्दा बढी रकम अपचलन भएको आरोप लगाएका हुन् ।

युनियनले सरकारसँग वार्ता र संवादमार्फत समस्या समाधान गर्न आग्रह गरेको छ। माग सम्बोधन नभए अदालतको अवहेलनासम्बन्धी कानुनी प्रक्रिया अघि बढाउने तथा आवश्यक परे अन्तर्राष्ट्रिय अदालतसम्म जाने चेतावनीसमेत दिएको छ ।

कांग्रेसको नवनिर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यको शपथ

ललितपुर । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको १५औँ महाधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

पार्टीको केन्द्रीय निर्वाचन समितिद्वाराकेन्द्रीयकार्यालयसानेपामा बिहीबार आयोजित कार्यक्रममा सभापति थापाले उहाँहरुलाई शपथ दिलाउनुभएको हो । महाधिवेशनबाट सभापतिमा निर्वाचित थापाले भने गत असोज ३१ गते नै पद तथा गोपनीयताको शपथ लिइसक्नुभएको थियो । उहाँबाहेक अन्य पदाधिकारी र केन्द्रीय सदस्यले आज शपथ लिनुभएको हो ।

शपथग्रहणलगत्तै निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्काले निर्वाचित केन्द्रीय पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र पनि वितरण गर्नुभयो । त्यस अवसरमा संयोजक खड्काले उक्त महाधिवेशनलाई कांग्रेसले मात्र नभई आम नेपाली नागरिकले चासोका साथ लिएका बताउनुभयो । उहाँले देशमा विधिको शासन, संवैधानिक सर्वोच्चता कायम राख्न सबै केन्द्रीय पदाधिकारी तथा सदस्यलाई आग्रह गर्नुभयो । रासस

तरकारी तथा फलफूल बजार खाली गर्न २१ दिने अल्टिमेटम

टुडे समाचारदाता

वीरगञ्ज । सडक तथा सार्वजनिक स्थानमा जथाभावी तरकारी तथा फलफूलको थोक बजार सञ्चालन नगर्न निर्देशन दिँदै स्थानान्तरणका लागि वीरगञ्ज महानगरपालिकाले व्यवसायीलाई २१ दिने अल्टिमेटम दिएका छन् ।

महानगरपालिकाले बिहीबार सूचना जारी गर्दै वडा नम्बर २ छपकैयामा निर्माण गरिएको व्यवस्थित थोक बजारमा स्थानान्तरण हुन महानगरपालिका क्षेत्रभित्र छरिएर थोक कारोबार गरिरहेका सबै व्यवसायीलाई निर्देशन दिएको हो ।

महानगरपालिकाले थोक बजार सञ्चालनका लागि आवश्यक व्यवस्था गरिसकेको जनाएको छ। विभिन्न स्थानमा अव्यवस्थित रूपमा थोक कारोबार हुँदा बजार व्यवस्थापन, यातायात आवागमन र उपभोक्ताको सहज पहुँचमा समस्या उत्पन्न हुन सक्ने भएकाले सबै व्यवसायलाई एकै स्थानमा केन्द्रित गर्न लागिएको सूचनामा भनिएको छ ।

प्रशासकीय अधिकृत बसन्त बहादुर बोहराद्वारा हस्ताक्षरित सूचनाअनुसार व्यवसायीले आगामी मंसिर २ गतेभित्र छपकैयास्थित निर्धारित थोक बजारमा अनिवार्य रूपमा स्थानान्तरण भइसक्नुपर्नेछ। तोकिएको स्थानबाहेक अन्यत्र जथाभावी थोक बजार सञ्चालन गर्न वा बजार लगाउनसमेत महानगरपालिकाले रोक लगाएको छ ।

समयभित्र स्थानान्तरण नगर्ने व्यवसायीविरुद्ध प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने महानगरपालिकाले चेतावनी दिएको छ। समयसीमाभित्र बजार नसार्दा उत्पन्न हुने क्षतिको जिम्मेवारीसमेत सम्बन्धित व्यवसायीले नै लिनुपर्ने सूचनामा स्पष्ट पारिएको छ ।

वीरगञ्जलाई स्वच्छ, सुन्दर र व्यवस्थित सहर बनाउने अभियानअन्तर्गत महानगरपालिकाले सार्वजनिक स्थानको अतिक्रमण रोक्न, बजार व्यवस्थापन गर्न र यातायात आवागमन सहज बनाउन व्यवसायीलाई तोकिएको स्थानमै कारोबार सञ्चालन गर्न भनेको छ ।

सरकारी अनुदान मिलाइदिने भन्दै पाँच करोड ८० लाख ठगी

काठमाण्डु । कृषि फार्म सञ्चालनका लागि सरकारबाट सहुलियत अनुदान मिलाइदिने भन्दै रु पाँच करोड ८० लाख ठगी गर्ने दुई जना पक्राउ परेका छन् ।

केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले काठमाण्डु महानगरपालिका-१४ ताहाचलका ५२ वर्षीय श्रीकृष्ण महर्जन र ललितपुर महानगरपालिका-१४ नखिपोटका ६० वर्षीय नारायण खनाललाई पक्राउ गरेको हो ।

जालिम सिंह महतोको जाहेरीका आधारमा सिआइबीको टोलीले उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुले विभिन्न मन्त्रालयका कर्मचारीसँग राम्रो चिनजान भएको भएको भन्दै कृषि फार्मका लागि सहुलियत अनुदान मिलाइदिने भन्दै पटक-पटक गरी उक्त रकम ठगी गरेको ब्यूरोका प्रहरी उपरीषक योगेन्द्रकुमार खड्काले जानकारी दिनुभयो । रासस

गौशाला नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

कार्य सम्पन्न गर्ने सम्बन्धि १५ दिने सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१३ गते

तपशिलमा उल्लेखित निर्माण व्यवसायीले तपसिल बमोजिमका कार्यको लागि यस कार्यालयसँग सम्झौता गरेको र कार्य सम्पन्न गर्नुपर्ने अबधिमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सुचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने संसोधित कार्यतालिका कार्य सम्पन्न गर्ने प्रतिबद्दता सहित यस कार्यलयमा उपस्थित हुन् यो सूचना जारी गरिएको छ । उक्त अबधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन-२०६३ तथा खरिद नियमावली-२०६४ र ठेक्का सम्झौताको प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा कार्य सम्पादन जमानत / धरौटी बापतको रकम जफत गर्नुको साथै बोंकि कार्य गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारबाही अघि बढाइने जानकारी समेत गराइन्छ ।

तपशिल :

सि. नं.	ठेक्का नं.	निर्माण व्यवसायीको नाम र ठेगाना	कार्य सम्झौता मिति	कार्य सम्पन्न गर्नुपर्ने मिति	म्याद थप
१	GAU/NCB/01-2080/81	सुहानी कन्स्ट्रक्सन जनकपुर-१४, धनुषा	२०८१/०३/११	२०८२/९/१०	नभएको
२.	GAU/NCB/02-2080/81	सुहानी कन्स्ट्रक्सन जनकपुर -१४, धनुषा	२०८१/०३/११	२०८२/९/१०	नभएको

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resourced and Irrigation

Kamala River Training Project
Dhanusha, Janakpurdham

Notice for Opening of Financial Proposal

Date of Publication: 2083/07/13

This is to notify all the concerned bidders, who have submitted their bids in response to the notice published in PPMO website: bolpatra.gov.np dated 2083/04/11 for the following Construction work, Contract ID, that the technical bids of the following bidders have been found qualified as per the detailed technical evaluation criteria set forth in the bidding document.

Financial proposals of all the technically qualified bidders will be opened on the day, time and venue as mentioned below. Persuant to Sub Clause 31(Ja)7 of Public Procurement Rule 2064 (Amendment-16), all the concerned bidders are informed to attend the opening of the financial proposals.

Contract ID/Project Name	S.N.	Name of Technically qualified bidders
IWRMP/ Dhanusha/ Kamala/RTW-36/2083-084 Construction of Embankment with Launching and Revetment at Kamala River Right Bank	1.	Aalam Construction, Hanumannagar Kankalini Na.Pa.1
	2.	Gautam shree Brothers construction pvt.ltd, kathmandu-21
	3.	Bhadrakali Nirman Sewa, Bharatpur 10, Chitwan, Nepal
	4.	Prime/Sambridhi Samarpan J.V., Hattigauda,Kathmandu,Nepal
	5.	Alkapuri/Bhuwaneshwari Joint Venture, Battisputali-9, Kathmandu,Nepal
	6.	Rubi Construction, Malangwa-1, Sarlahi
	7.	Siddhagadhi Engineers & Builders Pvt.Ltd., Koteshwor-32, Kathmandu
	8.	Siddhakali Nirman Sewa, Manthali-2, Ramechhap
	9.	Kalyan Suraj JV, Siraha Na.Pa. 7
	10.	RDR Nirman Sewa, Tarkeshwar-11,Kathmandu
	11.	Medanta /Sagarmatha J.V ,Hetauda-1 , Makwanpur, Nepal
	12.	Dahal Nirman Sewa, Kamalamai-04, Sindhuli
	13.	Pashupati Nirman Sewa Pvt.Ltd.,Nagarjun-9,Kathmandu
	14.	OM GANESHYA-RK-BHASUDEV JOINT VENTURE,Rajbiraj-08,Saptari,Nepal
	15.	Saksham Nirman Sewa, Godawari-05,Lalitpur
IWRMP/ Dhanusha/ Kamala/RTW-37/2083-084 Reshaping of Embankment with Launching & Slope Revetment works at Kamala River Left Bank	1.	Tista Builders Pvt Ltd, Kaligandaki Rural Municipality-4, Purtighat, Gulmi
	2.	RDR Nirman Sewa, Tarkeshwor-21, Kathmandu
	3.	Alam Construction, Hanuman Nagar Kankalini-1, Saptari
	4.	Balaji Nirman Sewa, Siraha Na.Pa.-1, Siraha
	5.	Gautam Shree Brothers Construction Pvt. Ltd, Kathmandu-21, Bhotebahal
	6.	RK-Rubi JV, Jaleshwor-3, Mahottari
	7.	Alam-Priya JV, Jaleshwor-3, Mahottari
	8.	Siddhagadhi Engineers & Builders Pvt. Ltd., Koteshwar-32, Kathmandu
	9.	Siddhakali Nirman Sewa, Manthali-2, Ramechhap
	10.	Kalyan Construction Pvt. Ltd., Babarmahal-11, Kathmandu
	11.	Nitu-DK Builders JV, Bhikhampur-1, Parsa
	12.	Aabiska-Maa JV, Gaur-2, Rautahat
	13.	Aadhunik Construction & Suppliers, Gaurishankar-8, Dolakha
	14.	Bipin-Gobind JV, Bhediyari-2, Parsa
	15.	Dev Bishnu Construction & Suppliers Pvt. Ltd., Bardibas-8, Mahottari
	16.	Safal-Sagarmatha JV, Hetauda-1, Makwanpur
	17.	Jaleshwarnath-Jay JV, Jaleshwor-3, Mahottari
IWRMP/ Dhanusha/Rato/ RTW-38/2083-084 Construction of Launching, Vertical Revetment and Stud at Rato River Left Bank	1.	Tista Builders Pvt. Ltd., Kaligandaki Rural Municipality-4, Purtighat, Gulmi
	2.	RDR Nirman Sewa, Tarkeshwor-21, Kathmandu
	3.	Balaji Nirman Sewa, Siraha Na.Pa.-1. Siraha
	4.	Reliance Builders and Suppliers Pvt. Ltd., Ishworpur-12, Sarlahi
	5.	Gautam Shree Brothers Construction Pvt. Ltd., Kathmandu-21, Bhotebahal
	6.	RK-Rubi JV, Rajbiraj-8, Saptari
	7.	Dev Bishnu Construction & Suppliers Pvt. Ltd., Bardibas-8, Mahottari.
	8.	Alam-Priya JV, Jaleshwor-3, Mahottari
	9.	Siddhakali Nirman Sewa, Manthali-2, Ramechhap
	10.	Siddhagadhi Engineers & Builders Pvt. Ltd., Koteshwor-32, Kathmandu
	11.	Kalyan Construction Pvt. Ltd., Babarmahal-11, Kathmandu
	12.	Pulami-PTR JV, Sindhuli, Nepal
	13.	Aadhunik Construction & Suppliers, Gaurishankar-8, Dolakha
	14.	Dahal Nirman Sewa, Kamalamai-4, Sindhuli
	15.	Bipin-Gobind JV, Bhediyari-2, Parsa
	16.	Safal-Sagarmatha JV, Hetauda-1, Makwanpur
	17.	Nitu-DK Builders JV, Bhikhampur-1, Parsa
IWRMP/ Dhanusha/Maraha/ RTW-39/2083-084 Construction of Embankment with Launching and Revetment at Maraha River	1.	Alam-Priya JV, Jaleshwar-11, Mahottari, Nepal
	2.	Gautam Shree Brothers Construction Pvt. Ltd., Kathmandu-21, Bhotebahal
	3.	Kalyan-Suraj JV, Babarmahal-11, Kathmandu, Nepal
	4.	RK-Rubi JV, Rajbiraj-8, Saptari
	5.	Reliance Builders and Suppliers Pvt. Ltd., Ishworpur, Sarlahi, Nepal
	6.	Medanta/Sagarmatha JV, Hetauda-1, Makwanpur, Nepal
	7.	Sambriddi Sampanna Nirman Sewa Pvt. Ltd., Madhyapur, Thimi Bhaktapur, Nepal
	8.	Siddhagadhi Engineers and Builders Pvt. Ltd., Koteshwor-35, Kathmandu, Nepal
	9.	Siddhakali Nirman Sewa, Manthali-2, Ramechhap, Nepal

Opening of Financial Proposals :- Date: 2083/07/20 **Time :** 13:00 hrs.

Venue: Irrigation and Water Resources Management Project, Dhanusha, Janakpurdham

Project Chief

मधेश प्रदेशमा ९ अर्ब सहुलियतपूर्ण कर्जा लगानी

टुडे समाचारदाता

जनकपुरधाम । गत आर्थिक वर्षमा मधेस प्रदेशमा मात्रै ९ अर्ब सहुलियतपूर्ण कर्जा प्रवाह गरिएको छ । बैंक तथा वित्तीय संस्थाले गत आव मधेसका ८ जिल्लामा उक्त सहुलियतपूर्ण कर्जा लगानी गरेको हो ।

गत आर्थिक वर्ष २०८२/८३ मा बैंक तथा वित्तीय संस्थाले ८ अर्ब ९९ करोड सहुलियतपूर्ण कर्जा प्रदान गरेको नेपाल राष्ट्र बैंकको अध्ययन तथ्यांकले देखाएको छ ।

प्रवाहित कुल कर्जामध्ये सबैभन्दा बढी १ अर्ब २ करोड अर्थात् १६.५४ प्रतिशत धनुषा र सबैभन्दा कम ३० करोड अर्थात् ४.८७ प्रतिशत सप्तरीमा रहेको केन्द्रीय बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

२०८२/८३ मा यस प्रदेशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्य क्षेत्रको ३४.९७ प्रतिशत तथा सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको ०.१४ प्रतिशत रहने अनुमान छ । गत आव मधेस प्रदेशको प्रतिव्यक्ति जीडीपी अमेरिकी डलरमा ९ सय ३४ हुने अनुमान छ ।

मधेसमा फलफूलले ओगटेको क्षेत्रफल ३३.९९ प्रतिशत तथा मसला बालीले ओगटेको क्षेत्रफल ४.४६ प्रतिशत वृद्धि भएको छ । खाद्य तथा अन्य बालीले ओगटेको क्षेत्रफल ४.४७ र तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफल १०.१५ प्रतिशत घटेको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै तरकारी तथा बागवानी उत्पादन ०.५४ र फलफूल उत्पादन ४.९९ प्रतिशत वृद्धि भएको छ भने खाद्य तथा अन्य बाली उत्पादनमा ५.६९ तथा मसला उत्पादन ४.४४ प्रतिशत घटेको छ । गत आव पशुजन्य उत्पादनतर्फ मासु र अन्डा उत्पादन क्रमशः १०.१९ र ३.११ प्रतिशत वृद्धि भएको छ । दूध उत्पादन भने २.६७ प्रतिशतले घटेको छ ।

त्यसैगरी माछा उत्पादन ५.०५, वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन ६०.५८ र दाउरा उत्पादन ७८.६२ प्रतिशत वृद्धि भएको छ । २०८३ असार मसान्तमा मधेस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ५९ अर्ब ८६ करोड ९० लाख कर्जा प्रवाह भएको छ । यो मधेसमा प्रवाहित कुल कर्जाको १२.१० प्रतिशत हो ।

अध्ययनमा समेटिएका प्रमुख उद्योगको उत्पादन क्षमता उपयोग भारित औसतमा ६४.५९ प्रतिशत छ । गत आव बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जामा ०.६८ प्रतिशत वृद्धि भई १ खर्ब २८ अर्ब ९७ करोड कायम भएको छ । गत आव यस्तो कर्जा १ खर्ब २८ अर्ब ९ करोड थियो । मधेश प्रदेशमा घरजग्गा रजिस्ट्रेसन संख्या १ लाख १६ हजार २ सय ७ छ भने घरजग्गा रजिस्ट्रेसन राजस्व ३ अर्ब २२ करोड संकलन भएको छ ।

२०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले मधेसबाट परिचालन गरेको निक्षेप १७.३२ प्रतिशत वृद्धि भई ४ खर्ब ७८ अर्ब ३७ करोड पुगेको छ । कर्जा प्रवाह भने ०.१८ प्रतिशत कम भई ४ खर्ब ९४ अर्ब ९५ करोड कायम भएको छ ।

यस प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, पूर्वपश्चिम रेलमार्ग, हुलाकी राजमार्ग, काठमाडौं तराई मधेस द्रुतमार्ग सडक आयोजना र राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम कार्यान्वयन चरणमा छन् । उक्त आयोजनामध्ये हुलाकी सडकमार्ग निर्माण गति तुलनात्मक तीव्र छ ।

आव २०८२/८३ मा मधेसबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या १ लाख ७९ हजार ४१ छ । यो संख्या मुलुकबाट श्रम स्वीकृति लिने कुल संख्याको २२.६० प्रतिशत रहेको जनाइएको छ ।

अन्तिम समयसम्म विश्वासका लागि प्रयास गर्ने : मुख्यमन्त्री यादव

एमालेले सरकार छाड्नुको कारणबारे मुख्यमन्त्री यादवले १५ बुँदे सहमति कार्यान्वयन नभएको विषयलाई आधार बनाइएको बताए । तर, सहमतिका कतिपय बुँदा कार्यान्वयन भइसकेको र केही कार्यान्वयनको प्रक्रियामा रहेको उनले दाबी गरे ।

टुडे समाचारदाता

जनकपुरधाम । अल्पमतमा परेका मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले अन्तिम समयसम्म विश्वासको मतका लागि प्रयास गर्ने बताएका छन् ।

नेकपा एमालेले समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका हुन् । उनले विश्वासको मत लिँदा पक्षमा वा विपक्षमा जस्तोसुकै परिणाम आए पनि आफूले स्वीकार गर्ने बताएका छन् ।

संचारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री यादवले विश्वासको मत लिन अझै केही समय बाँकी रहेकाले अन्य दलसँग औपचारिक तथा अनौपचारिक छलफल भइरहेको बताए ।

विश्वासको मत लिने समयसम्म राजनीतिक परिस्थिति आफ्नो पक्षमा आउन सक्ने आशा व्यक्त गर्दै उनले भने, 'संवैधानिक व्यवस्थाअनुसार विश्वासको मत लिनैपर्छ । त्यो बेलासम्म केही त होला । राम्रो परिणाम आउला, नभए नराम्रो आउला । जबसम्म सास छ, तबसम्म आश गर्नुपर्‍यो नि ।'

एमालेले सरकार छाड्नुको कारणबारे मुख्यमन्त्री यादवले १५ बुँदे सहमति कार्यान्वयन नभएको विषयलाई आधार बनाइएको बताए । तर, सहमतिका कतिपय बुँदा कार्यान्वयन भइसकेको र केही कार्यान्वयनको प्रक्रियामा रहेको उनले दाबी गरे । 'उहाँहरू मसँग असहमति भएरभन्दा पनि १५ बुँदे सहमति कार्यान्वयन भएन भनेर बाहिरिनुभयो । तर, त्यसमध्ये कतिपय सहमति कार्यान्वयन भएका छन्, केही कार्यान्वयन हुने क्रममा थिए । सबै कुरा भइसकेको पनि थिएन । किन एक्कासि छाड्नुभयो, मलाई पनि थाहा भएन,' उनले भने ।

प्रदेशमा अर्को गठबन्धन बन्ने चर्चाबारे सोधिएको प्रश्नमा मुख्यमन्त्री यादवले गठबन्धन बन्ने र फेरिने विषयलाई सामान्य रूपमा लिएको बताए । राजनीतिक दलहरूका मुद्दा, उद्देश्य र स्वार्थ मिल्ने अवस्थामा गठबन्धन बन्ने उनको भनाइ थियो ।

'सबैलाई सरकारमै जानुछ । सरकारमा जाने हो भने त्यहाँ आ-आफ्ना सर्त र सहमति हुन्छन् । कुन बेला कसको मिसन, आशय र मुद्दा मिल्छ, त्यसैअनुसार गठबन्धन गर्ने हो । गठबन्धन बन्छ, फेरिन्छ । मैले यसलाई सामान्य रूपमा लिएको छु,' उनले भने । मुख्यमन्त्री यादवले सरकारको भविष्यबारे आफ्नो पार्टीको केन्द्रीय नेतृत्वले पनि चासो राखिरहेको र आफू केन्द्रसँग नियमित सम्पर्कमा रहेको जानकारी दिए ।

विश्वासको मत प्राप्त हुनेमा कत्तिको विश्वस्त हुनुहुन्छ भन्ने प्रश्नमा उनले प्रयास जारी रहेको बताए । 'आश पनि छ, प्रयास जारी राखेकै छु । हेरौँ, के हुन्छ,' उनले भने ।

गत असोज ३० गते नेकपा एमाले तीनदलीय गठबन्धन सरकारबाट बाहिरिएपछि मधेस प्रदेश सरकार अल्पमतमा परेको हो । यद्यपि, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सरकारलाई दिएको समर्थन भने फिर्ता लिएको छैन । मुख्यमन्त्री यादवले कात्तिक २९ गतेभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्नेछ । १०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिस्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन् । त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन् ।

यस्तो अंकगणितबिच मुख्यमन्त्री यादवका लागि विश्वासको मत जुटाउनु चुनौतीपूर्ण देखिएको छ । अन्य दलसँग भइरहेको छलफलले कस्तो रूप लिन्छ र प्रदेशको सत्ता समीकरण कुन दिशामा अघि बढ्छ भन्ने विषय विश्वासको मत लिने समयसम्म स्पष्ट हुनेछ ।

मतदाता नामावलीलाई थप शुद्ध बनाउन समझदारी

टुडे समाचारदाता

जनकपुरधाम । निर्वाचन आयोग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबिच मतदाता नामावलीलाई थप शुद्ध, विश्वसनीय र व्यवस्थित बनाउन समझदारी भएको छ ।

समझदारी पत्रमा निर्वाचन आयोगका तर्फबाट सहसचिव राजेन्द्र कुमार के.सी. र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका तर्फबाट महानिर्देशक कृष्ण पौडेलले हस्ताक्षर गरेका छन् ।

विभाग मातहत रहेको 'व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली' मा रहेका व्यक्तिगत विवरणहरूलाई मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्यमा उपयोग गर्न दुई निकायबिच समझदारी भएको हो ।

उक्त समझदारी अनुसार, पञ्जीकरण विभागले आफ्नो प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरणहरू सुरक्षित प्राविधिक माध्यमबाट निर्वाचन आयोगलाई उपलब्ध गराउनेछ ।

आयोगले प्राप्त विवरणका आधारमा मतदाता नामावली अद्यावधिक गर्ने तथा मतदाताको विवरण प्रमाणीकरण गर्ने कार्यमा उपयोग गर्नेछ। यसबाट विशेषगरी मृत्यु भएका मतदाताको नाम हटाउन र बसाइँसराइ तथा अन्य विवरण सच्याउन सहज हुनेछ ।

तथ्यांकको आदानप्रदान गर्दा व्यक्तिगत विवरणको सुरक्षा र गोपनीयता कायम राख्न आवश्यक प्रविधि विकास गरिने विज्ञप्तिमा उल्लेख छ ।

साथै, समझदारी कार्यान्वयनका क्रममा देखिन सक्ने प्राविधिक विषयहरूको समाधानका लागि दुवै पक्षका प्रतिनिधि सम्मिलित 'संयुक्त प्राविधिक कार्य समूह' गठन गरिने भएको छ ।

मृतक व्यक्ति ६ महिनापछि घरफर्केपछि मच्चियो हलचल



टुडे समाचारदाता

विराटनगर । मोरङ जिल्लामा मृत घोषणा भइसकेका एक व्यक्ति ६ महिनापछि घर फर्केपछि हलचल मचेको छ ।

जिल्लाको लेटाङ नगरपालिकाका ३७ वर्षीय पदमबहादुर राय मृत घोषित भई परिवारले काजकिरिया र दुर्घटना बीमाको रकमसमेत बुझिसकेको ६ महिनापछि सग्लो शरीरमा घर फर्किँदा यतिबेला प्रहरी प्रशासन र समाजमा ठूलो हलचल मच्चिएको हो ।

गत जेठ २६ गते सुनसरीको बराहक्षेत्र नगरपालिकामा-४ चतरा पकली खण्डमा मोटरसाइकलको ठक्करबाट एक जना घाइते भए । प्रहरीका अनुसार जेम्स चौधरीले चलाइरहेका प्र.१-०४-००१ प.३६०४ नम्बरको मोटरसाइकलको ठक्करबाट घाइते भएका उनको विराट टिचिङ अस्पताल २७ जेठ दिउँसो १ बजे मृत्यु भयो । पहिचान हुन नसकेको शवको हुलिया माघदेखि हराइरहेका पदमबहादुरसँग मिल्दोजुल्दो थियो ।

२०८२ माघदेखि घरबाट बेपत्ता भएका र मानसिक अवस्था कमजोर रहेका पदमबहादुर भौँतारिँदै भारतको पञ्जाब पुगेर काम गरी गत कात्तिक ९ गते अकस्मात घर आइपुगेका हुन् । आफू मरिसकेको र परिवारले काजकिरियासमेत सकेको पत्तो नै नभएका उनी अचानक आँगनमा उभिएपछि परिवार अचम्मित हुनुका साथै खुसी र चिन्ता एकैपटक छाएको छ ।

छोरा गुमाएको शोक परेकै कारण परिवारले यसपालिको दसैँमा टीकासमेत लगाएन । तर, उनी दसैँको पूर्णिमाका दिन ९ कात्तिकको साँझ टुप्लुक्क घर पुगे । पदमबहादुर घर आइपुगेपछि उनको परिवार एकातिर खुसी छ, अर्कातिर 'त्यसो भए कसको अन्त्येष्टि गरियो त ?' भन्ने अन्योल र त्रासमा छन् ।

अज्ञात व्यक्तिको शवलाई बुबा नारायण राय क्षेत्रीले आफ्नै छोरा पदमबहादुर भन्दै कोसी अस्पतालको शवगृहमा गलत सनाखत गरी परिवारले हतार-हतार अन्त्येष्टि गरिदियो र बीमाबापतको ५ लाख रुपैयाँ पनि बुझेर खाइसकेका थिए । तर, पदमबहादुर जीवितै फर्किएपछि अब ती मृतकसमेत अर्कै व्यक्ति भएको रहस्य खुलेको छ जसले शव पहिचानको वैज्ञानिक विधि र प्रहरीको अनुसन्धान प्रक्रियामाथि गम्भीर प्रश्न उब्जाएको छ ।

पदमबहादुर घर फर्किएपछि इलाका प्रहरी कार्यालय लेटाङका प्रहरी निरीक्षक सागर साहको टोली उनको घर पुगेर वस्तुस्थिति बुझेको थियो । उनी लामो समय कहाँ र कसरी बसे भन्ने कुरा अझै स्पष्ट हुन सकेको छैन । अहिले पनि उनको मानसिक अवस्था कमजोर नै छ ।

जेठको दुर्घटनापछि परिवारले दुर्घटना बिमाबापतको क्षतिपूर्ति रकमसमेत बुझिसकेको प्रहरीले जनाएको छ । पदमबहादुर जीवितै भेटिएपछि अब कसरी अगाडि बढाउने भन्ने अन्योलमा प्रहरी छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता तथा डीएसपी मकेन्द्रकुमार मिश्रका अनुसार बिमाबापत प्राप्त भएको रकम फिर्ता गर्ने प्रक्रिया अघि बढाइनेछ । 'सरकारी अभिलेखमा बेवारिसे शवको रूपमा विवरण सच्याइनेछ,' डीएसपी मिश्रले भने, 'त्यसपछि जेठ महिनामा दुर्घटनामा परी ज्यान गुमाएका ती वास्तविक मृतकको पहिचानका लागि पुनः अनुसन्धान सुरु हुनेछ ।'

हाल कानुनी जटिलता फुकुवा गर्न र बीमाको रकम फिर्ता गर्ने प्रक्रिया मिलाउन जनप्रतिनिधिसहित परिवारका सदस्यहरू जिल्ला प्रहरी कार्यालय सुनसरी पुगेर आवश्यक परामर्श तथा कानुनी बाटो खोजिरहेका छन् ।

गोलबजार नगरपालिकाबाटै करदाता सेवा शुरु

टुडे समाचारदाता

लहान । सिरहाको गोलबजार नगरपालिकाबाटै प्यान तथा भ्याट दर्ता लगायतका करदाता सेवा शुरु हुने भएको छ ।

यसका लागि गोलबजार नगरपालिका र आन्तरिक राजस्व कार्यालय, लहानबीच समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको छ । करदाता सेवा दिने सिरहा जिल्लामा स्थानीय तहमार्फत करदाता सेवा प्रवाह गर्ने पहिलो स्थानीय तहका रूपमा गोलबजार नगरपालिका अघि आएको छ ।

आन्तरिक राजस्व कार्यालय, लहानका प्रमुख अमित पौडेलका अनुसार सिरहा जिल्लाका १७ स्थानीय तहमध्ये करदाता सेवा प्रवाहका लागि कार्यालयसँग सम्झौता गर्ने गोलबजार नगरपालिका पहिलो हो । यस व्यवस्थाले सेवाग्राहीलाई करसम्बन्धी कामका लागि लहानसम्म पुग्नुपर्ने बाध्यता कम गर्ने र समय तथा खर्च बचत गर्ने अपेक्षा गरिएको छ ।

प्रमुख पौडेलले अन्य नगरपालिका तथा गाउँपालिकाले पनि समयमै सम्झौता गरी स्थानीयस्तरबाटै करदाता सेवा उपलब्ध गराउने विषयमा पहल गर्नुपर्ने बताए । यसबाट सेवाग्राहीलाई सहज हुनुका साथै आन्तरिक राजस्व कार्यालयमा पर्ने सेवाग्राहीको चापसमेत कम हुने उनको भनाइ छ ।

गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुपनारायण खतिवडाका अनुसार नगरपालिकामा रहेका अधिकांश साना तथा व्यक्तिगत करदातालाई लक्षित गरी यो सेवा सञ्चालन गर्न लागिएको हो। नगरपालिकाका व्यापारीमध्ये ठूला करदाताको संख्या तुलनात्मक रूपमा कम रहेको र अधिकांशलाई व्यक्तिगत पान तथा व्यावसायिक पान आवश्यक पर्ने उनले बताए ।

नगरपालिकाबाट व्यक्तिगत स्थायी लेखा नम्बर (ब्यक्तिगत प्यान), व्यावसायिक स्थायी लेखा नम्बर (बिजनेस प्यान) तथा मूल्य अभिवृद्धि कर (भ्याट) दर्ताका लागि आवश्यक सहजीकरण लगायतका सेवा उपलब्ध गराउने तयारी गरिएको छ । यसका साथै समझदारीअनुसार कर चुक्ता प्रमाणपत्र तथा अन्य कर सम्बन्धी सेवा दिइनेछ ।

हवाई फायर गरी लागू औषध कारोबारी पक्राउ

टुडे समाचारदाता

लहान।सिरहाप्रहरीलेहवाईफायर गरेर लागुऔषध कारोबारीलाई पक्राउ गरेका छन् । सिरहा नगरपालिका-१३ स्थित मल्हनियाबाट दुई जनालाई पक्राउ गरिएको लागुऔषध नियन्त्रण व्यूरोका एसएसपी सुवास बोहराले जनाएको छ ।

पक्राउ पर्नेमा भारतीय नागरिकहरू ४४ वर्षीय लाल बाबु सिंह र २६ वर्षीय धमेन्द्र दास छन् । आरोपीहरूको साथबाट ३१२ ग्राम खैरो हेरोइन बरामद गरिएको एसएसपी बोहराले जानकारी दिए ।

लागुऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो । भारतबाट उनीहरू मोटरसाइकलमा खैरो हेरोइन लिएर नेपालतर्फ आउँदै गरेको अवस्थामा पक्राउ परेका हुन् ।

तस्करीका १० गोरु एसएसबीको नियन्त्रणमा

टुडे समाचारदाता

रौतहट । नेपालबाट भारततर्फ तस्करी गरी लग्दै गरिएका १० वटा गाई गोरु भारतीय सीमामा नियन्त्रणमा लिइएको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी) र स्थानीय प्रहरीले संयुक्त रूपमा ती गोरु नियन्त्रणमा लिएका हुन् ।

बारासँगजोडिएकोभारतकोबिहार स्थित मोतिहारीमा तैनाथ एसएसबीको ७१औं बटालियनअन्तर्गत ई-कम्पनी बेलदरवामठ र आदापुर प्रहरीले बिहीबार बिहान करिब २ : १५ बजे संयुक्त रूपमा सीमा क्षेत्रमा निगरानी गर्ने क्रममा उक्त गाई गोरु बरामद गरेका हुन् ।

प्राप्त सूचनाका आधारमा सञ्चालन गरिएको संयुक्त गस्ती टोलीले भारतको इनर्वा (लरहाटोला) गाउँनजिकै नेपाल-भारत सीमा स्तम्भ नम्बर ३८४-१८ बाट भारतीय भूमितर्फ करिब ५० मिटरको दूरीमा गाई गोरु फेला पारेको एसएसबी ले जनाएको छ।

बरामद गरिएका चौपायामा तीन वटा गाई, चार वटा बाच्छा र तीन वटा बाच्छी रहेका छन्। ती चौपाया नेपालको नीलकण्ठ क्षेत्रबाट भारतको सिरसिया कलातर्फ तस्करी गरी लैजाँदै गरिएको प्रारम्भिक विवरणमा उल्लेख छ।

रातको अँध्यारोको फाइदा उठाउँदै तस्करीमा संलग्न व्यक्तिहरू भने नेपालतर्फ भाग्न सफल भएका थिए। बरामद गरिएका १० वटै चौपाया आवश्यक कानुनी कारबाहीका लागि आदापुर प्रहरी थानामा बुझाइएको एसएसबीले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा चौपाया तस्करी नियन्त्रण गर्न सुरक्षा निकायले सूचनाका आधारमा निगरानी तथा संयुक्त गस्ती सञ्चालन गर्दै आएको एसएसबी ७१ औं बटालियन मुख्यालय पिपराकोठी ले जनाएको छ ।

सुनचाँदी पसलमा चोरी गर्ने दुई भारतीय पक्राउ

टुडे समाचारदाता

मलंगवा । सर्लाही प्रहरीले सर्लाहीको हरिवन बजारस्थित एक सुनचाँदी पसलबाट गरगहना चोरी गरी फरार रहेका दुई जना भारतीय नागरिकलाई सामानसहित पक्राउ गरेका छन् ।

पक्राउ पर्नेहरूमा भारत, बिहार राज्यको मोतिहारी जिल्ला, आदापुर थाना अन्तर्गत औरहिया पञ्चायत वडा नं. ११ बस्ने २५ वर्षीय जुनैद अंसारी र सोही जिल्लाको झरोखर थाना अन्तर्गत आठमोहनी पञ्चायत वडा नं. १२ बस्ने २८ वर्षीय रियाज अंसारी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार सोमबार बिहान करिब ४ बजे हरिवन नगरपालिका-११ स्थित स्थानीय सुरज साहद्वारा सञ्चालित 'रिद्धि सिद्धि ज्वेलर्स'मा चोरी भएको थियो । पसलमा चोरी भएको सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय हरिवनबाट खटिएको प्रहरी टोलीले खोजतलास तीव्र पारेको थियो ।

खोजतलासका क्रममा हरिवन नगरपालिका-११ स्थित कबिन कार्कीको घरमा डेरा गरी बस्दै आएका दुई भारतीय नागरिक रहेको थाहा पाएपछि उनको खोजी कार्य प्रहरीले तीव्र बनाएको थियो ।

प्रहरीले उनीहरूलाई पक्राउ गरी उनको कोठाबाट चोरी भएका विभिन्न प्रकारका सुनका गरगहना तथा चोरीमा प्रयोग गरिएका औजार बरामद गरेको छ ।

पक्राउ परेका दुवै जनालाई नियन्त्रणमा राखी चोरी सम्बन्धी मुद्दामा थप आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं प्रहरी निरीक्षक किशोर केसीले जानकारी दिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८